# स्थानीय राजपत्र

भाग-१ खण्ड ८ संख्या ३

**बागलुङ नगरपालिकाद्वारा प्रकाशित**

## करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन

**२०८१**

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

बागलुङ नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८ संख्या ३, २०८१ असार ३१

भाग- १

## करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८१

बगलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय, बागलुङमा विगत देखी करार सेवा र सेवा करारमा कार्यरत कार्यरत कर्मचारी, विभिन्न कार्यक्रममा कार्यक्रम अवधिको लागि करार सेवामा सेवारत कर्मचारी र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ (८) बमोजिम सेवा करारमा संलग्न

कर्मचारीहरुको मनोवल उच्च बनाउन, काम प्रति उत्प्रेरणा दिन, कर्मचारीको सामाजिक सुरक्षालाई सुदृढ बनाउन र सेवाप्रति समर्पण भाव अभिवृद्धि गर्नको लागि करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीको सेवा, सुविधा र सर्त सम्बन्धि कानून बनाउन बाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को अनुसुची ८ को स्थानीय सेवाको व्यवस्थापन, स्थानीय सरकार संचालन ऐन, २०७४ दफा ८६ (२) र दफा १०२ (१) बमोजिम बागलुङ नगरपालिकाले यो ऐन बनाई लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो ऐनको नामः **करार सेवा र सेवा करारमा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र सर्तका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन २०८०**" रहेको छ।

(२) यो ऐन नगरसभाले पारित गरी प्रदेश लोक सेवाको परामर्श प्राप्त पश्चात स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "कार्यालय" भन्नाले बगलुङ नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शब्दले वडा समितिको कार्यालय र स्वास्थ्य संस्था समेतलाई जनाउनेछ ।

(ख) "कर्मचारी" भन्नाले विभिन्न पद, तह र स्तरमा यस कार्यालयमा कार्यरत सेवा करार र करार सेवमा अविछिन्न रुपमा कार्यरत कर्मचारी सम्झनु पर्दछ ।

(ग) "सुविधा" भन्नाले कार्यालयमा कार्यरत कर्मचारी जुनसुकै कारणले सेवा निवृत हुँदा सुविधा वापत दिइने एकमुष्ट रकम सम्झनु पर्दछ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने अख्तियारी प्राप्त अधिकृत सम्झनु पर्दछ ।

## परिच्छेद- २

## सेवा सुविधा सम्बन्धि व्यवस्था

### ३. कर्मचारीको म्याद थप सम्वन्धी व्यवस्थाः

(१) देहाय बमोजिमको शर्त पुरा भएका सेवा करार वा करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद प्रत्येक आर्थिक वर्षको शुरुमा वा म्याद समाप्त भएको भोलिपल्ट बाट लागु हुने गरी यस ऐन बमोजिम करार म्याद थप गरिनेछ ।

(क) म्याद थपिने कर्मचारी कार्यालयको अभिलेखमा स्वीकृत दरवन्दी/स्वीकृत कार्यक्रममा कार्यरत रहेको हुनु पर्नेछ ।

(ख) करार म्याद थप गर्नु पूर्व कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । कार्यसम्पादन मूल्याङ्कन सन्तोषजनक नभएमा म्याद थप गरिने छैन ।

(ग) करार म्याद संगै उपलब्ध गराईएको कार्यविवरण (JD) मा उल्लेखित कार्य सन्तोषजनक रुपमा गरेको नपाईएमा म्याद थप गरिनेछैन ।

(२) कुनै विषय विषेश परियोजना/कार्यक्रम तर्फका सेवा करार वा करार कर्मचारीहरुको सम्वन्धमा परियोजना/कार्यक्रमले तोकेको समय सम्म मात्र करार गरिनेछ । परियोजना/कार्यक्रमको समाप्तीसंगै सो क्षेत्रमा कार्यरत कर्मचारीको म्याद समेत स्वतः समाप्त भएको मानिनेछ ।

(३) छोटो अवधिको परियोजना/कार्यक्रममा संलग्न कर्मचारीहरुको बाँकी अवधि सम्मको लागि मात्र म्याद थप गरिनेछ भने सो बाहेकका कर्मचारीहरुको हकमा

न्यूनतम छ महिना नघटने गरी र एक पटकमा एक बर्षमा नबढने गरी म्याद थप गरिनेछ।

**४. अभिलेख व्यवस्थापनः**

यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र स्विकृत दरवन्दीमा करार सेवा वा सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीको अभिलेख तयार गरी प्रशासकीय अधिकृतले प्रमाणित गराई राख्नु पर्नेछ।

**५. मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीका सम्वन्धमा :**

(१) यो ऐन प्रारम्भ हुनुभन्दा अघिबाट निरन्तर कार्यालयको स्वीकृत दरवन्दीमा मासिक वा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरु मध्ये कार्यालयलाई आवश्यक पर्ने पद सेवा समुहमा कार्यरत कर्मचारीलाई आवश्यक प्रक्रिया पूरा गरी करार सेवामा नियुक्ति दिइनेछ।

(२) उपदफा (१) बमोजिम करारमा नियुक्ति गर्दा खुल्ला प्रतिस्पर्धाबाट गरिनेछ, तर मासिक तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीको हकमा समान तहको पदमा उम्मेदबार हुन उमेरको हद लाग्ने छैन ।

**६. संचयकोष/नागरिक लगानी कोष जम्मा गर्ने:**

करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुले पाउने प्रत्येक महिनाको तलब बाट ५% रकम कट्टा गरी सो रकममा नगरपालिकाबाट सत प्रतिशत रकम थप गरी हुन आउने रकम संचयकोष/नागरिक लगानी कोषमा जम्मा हुने गरी व्यवस्था हुनेछ । उक्त रकम जम्मा गर्ने कर्मचारी कुनै करणले सेवाबाट अलग भएमा निज वा निजले इच्छ्याएको व्यक्ति वा निज समेत नभएमा कानुन बमोजिमको नजिकको हकदारले एकमुष्ठ लिन पाउनेछ ।

**७. विदा सम्बन्धि व्यवस्थाः**

करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुले देहायका विदा पाउनेछन् :

(क) विरामी विदा : वर्षको १२ दिन

(ख) घर विदा : वर्षको ३० दिन

(ग) प्रसुति विदा : ९८ दिन (महिला कर्मचारीहरुलाई)

(घ) प्रसुति स्याहार विदा : ७ दिन

(ङ) किरिया विदा : १५ दिन

(च) विवाह विदा : ५ दिन

**८. विदा संञ्चित सम्बन्धि व्यवस्थाः**

करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुको विदा देहाय बमोजिम संञ्चित हुनेछ ।

(क) विरामी विदा : करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीले विरामी विदा संञ्चित गर्न सक्नेछन । संञ्चित विरामी विदा बापतको रकम कार्यालय छोड्दाको बखत अन्तिम तलब स्केलको आधारमा पाउनेछन ।

(ख) घर विदा : करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुले सेवा अवधिभर जम्मा ९० दिन सम्म घर विदा संञ्चित गर्न सक्नेछन । संञ्चित घर विदा बापतको रकम कार्यालय छोड्दाको बखत अन्तिम तलब स्केलको आधारमा पाउनेछन ।

## ९. अन्य सुविधा :

करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरुले चाडपर्व खर्च वापत निजले खाईपाई आएको एक महिना बरावरको रकम

चाडपर्व खर्च वापत प्राप्त गर्नेछन् र नियमानुसारको पोशाक भत्ता प्राप्त गर्नेछन ।

**१०. कार्य सम्पादन मूल्याङ्कनः**

यस ऐन बमोजिम सेवा करार वा करार सेवाका कर्मचारीहरुको स्वः मुल्याङ्कन फारम बर्षमा २ पटक भरी प्रमाणित गर्नु पर्नेछ र बार्षिक रुपमा कार्य सम्पादन स्तर मूल्याङ्कन गरिनेछ ।

**११. पद मुक्त हुने अवस्था :**

यस ऐन बमोजिमको करार सेवा वा सेवा करारमा कार्यरत कर्मचारीहरु देहायको अवस्थामा मात्र पद मुक्त हुनेछन् :

(क) प्रचलित कानून बमोजिम लोकसेवा आयोगबाट अस्थायी, सेवा करार वा करार सेवामा नियुक्ति पाएको कर्मचारीहरुको दरवन्दीमा स्थायी पदपूर्ति भएमा,

(ख) निजले राजिनामा दिएमा,

(ग) प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी विभागीय कारवाही भएमा,

(घ) खण्ड (ग) मा जुन सुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम विभागीय कारवाहीको प्रक्रिया अवलम्बन गर्ने, विभागीय कारवाही र सजाय प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(ङ) कार्यपालिकाले म्याद थप नगरेमा,

(च) करार सेवामा कार्यरत कर्मचारीहरुको कार्य सम्पादन स्तर मूल्याङ्कन गर्दा तोकिएको न्यूनतम अङ्क प्राप्त नगरेमा ।

## १२. कर्मचारीको दायित्व :

(१) यस ऐन बमोजिमका कर्मचारीले कार्यालयको निर्देशनमा निजको पद, तह, योग्यता र अनुभव बमोजिम

कार्यालयको जुनसुकै प्रकृतिको काम र समयमा आफ्नो सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्देशन नमानेमा यस ऐन बमोजिमको अधिकारीले कर्मचारीलाई विभागीय कार्वाहीको प्रक्रिया अवलम्बन गरी विभागीय कारर्वाही र सजाय गर्न सक्नेछ ।

**१३. दण्ड सजाय :**

यस ऐन बमोजिमका कर्मचारीलाई गण्डीक प्रदेश, स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली २०८० बमोजिम नै दण्ड सजाय हुनेछ ।

**१४. नियम बनाउन सक्नेः**

यस ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

अनुसूची १

(दफा ४ तथा अनुसूची १ को भाग-१ संग सम्बन्धित)

**प्रमाणिकरण मिति :** २०८१।०३।३१ गते सोमवार

आज्ञाले
हरिदत्त कंडेल
प्रमुख प्रशासकीय अधिकृत